वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५४ २०८३ असार ०१ गते सोमबार, नेपाल सम्वत् ११४६ June 15, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

**योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिवद्धता**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार गते लोक सेवा आयोगको ७६औं वार्षिकोत्सव भव्यताका साथ मनाऔं ।

**लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता**

नेपाल सरकार
विज्ञापन बोर्ड



## शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदर्शनी

तनहुँको भानु नगरपालिका अन्तर्गतका विद्यालयहरूबीच आयोजित नगरस्तरीय "शैक्षिक सामग्री निर्माण कार्यशाला तथा प्रदर्शनी कार्यक्रम र शिक्षक–विद्यार्थी प्रोत्साहन कार्यक्रम"मा आफुले तयार गरेको शैक्षिक सामाग्रि प्रदर्शन गर्दै विद्यार्थीहरू। शैक्षिक गुणस्तर अभिवृद्धि, सिर्जनशील शिक्षण सिकाइ प्रवर्द्धन तथा शिक्षक–कर्मचारीहरूको मनोबल उच्च राख्ने उद्देश्यले वडा नं. २ स्थित होमराज लोहनी शारदा शिक्षा सदन माध्यमिक विद्यालयमा कार्यक्रमा आयोजना गरिएको छ।

*तस्विर : भञ्ज्याङ*

# आधा शताब्दीपछि पोखरा बसपार्क निर्माणको आशा जाग्दै

कृष्ण दवाडी/कास्की

पोखरा महानगरपालिका–९ पृथ्वीचोकस्थित बसपार्क क्षेत्रमा वर्षौंदेखि सञ्चालनमा रहेका सटर तथा भवन खाली हुन थालेपछि आधा शताब्दीदेखि अलपत्र रहेको बसपार्क निर्माणको आशा पुनः जागेको छ । बसपार्क प्रवेशद्वार नजिकै फेन्सी पसल सञ्चालन गर्दै आउनुभएका हरि लामिछाने शुक्रबार आफ्नो सटरका बाँकी सामान हटाउने काममा व्यस्त हुनुहुन्थ्यो ।

लामो समयदेखि व्यापार गर्दै आएको स्थान छोड्नुपर्ला भन्ने कल्पना नगरेको बताउने उहाँ अहिले भने बसपार्क निर्माणको प्रक्रिया अघि बढेपछि संरचना खाली गर्न बाध्य हुनुभएको छ ।

पोखरा महानगरपालिकाले गत वैशाख ३ गते बसपार्क क्षेत्रका सार्वजनिक जग्गामा बनेका संरचना हटाउन ३५ दिने सूचना जारी गरेको थियो । सुरूमा त्यो निर्णय कार्यान्वयन होला भन्ने विश्वास नगरेका व्यवसायी पछिल्लो समय जग्गाधनी र महानगरबीच भएको सहमतिपछि भने संरचना खाली गर्न थालेका छन् ।

बसपार्कको उत्तरी क्षेत्रमा रहेका जग्गाधनीले संरचना हटाउने तयारी विरूद्ध उच्च अदालत पोखरामा रिट दायर गरेका थिए। तर जेठ २५ गते महानगरसँग भएको समझदारीपछि उनीहरूले मुद्दा फिर्ता लिने र बसपार्क निर्माणमा सहजीकरण गर्ने निर्णय गरेका छन् । त्यससँगै बसपार्क क्षेत्रका अधिकांश व्यवसायी तथा घरधनीले आफ्ना संरचना खाली गर्न थालेका हुन् ।

"पहिला बसपार्क बन्ला र हामीले ठाउँ छोड्नुपर्ला भन्ने लागेको थिएन । तर जग्गाधनी र महानगरबीच सहमति भएपछि हामीले पनि सर्नुपर्ने अवस्था आयो। बसपार्क निर्माण हुनु राम्रो कुरा हो, तर विस्थापित व्यवसायीको व्यवस्थापनमा महानगरले ध्यान दिनुपर्छ", लामिछानेले भन्नुभयो ।

उहाँले भविष्यमा बसपार्क क्षेत्रमा व्यापारिक प्रयोजनका लागि सटर वा भवन निर्माण भएमा हाल विस्थापित भएका व्यवसायीलाई प्राथमिकता दिनुपर्ने माग गर्नुभयो । हाल बसपार्क प्रवेशको बायाँपट्टि रहेको बास्तोला कम्प्लेक्सका ३२० भन्दा बढी सटर खाली गर्ने कार्य तीव्र गतिमा भइरहेको छ । बसपार्कभित्रका अन्य जग्गाधनीले पनि आफ्ना संरचना हटाउने प्रक्रिया अघि बढाएका छन् ।

पोखरा बसपार्कका लागि विसं २०३२ मा २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । तर पाँच दशक बितिसक्दा पनि बसपार्क निर्माण हुन सकेन । बरू बसपार्कका लागि छुट्याइएको अधिकांश जग्गा अतिक्रमणको चपेटामा पर्‍यो। अहिले मूल क्षेत्रफलमध्ये करिब २५ रोपनी जमिन मात्र बाँकी रहेको बताइन्छ।

बसपार्कका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री–वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिनको काम अहिले भइरहेको छ ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको जग्गामध्ये राजमार्ग विस्तारका क्रममा करिब नौ रोपनी क्षेत्रफल प्रयोग भएपछि बाँकी रहेको जग्गासम्बन्धी सट्टापट्टा, बिक्री–वितरण तथा क्षतिपूर्ति प्रक्रियाबारे विभिन्न गुनासा, लिखित उजुरी तथा प्रश्नहरु उठ्दै आएका छन् ।

विशेषगरी केही व्यक्तिले नपाउनुपर्ने क्षतिपूर्ति प्राप्त गरेको, वितरण प्रक्रियामा असमानता भएकोलगायतका आरोप सार्वजनिक भएपछि सत्यतथ्य छानबिनका लागि महानगरले समिति बनाएको हो ।

पोखरा महानगरपालिकाले बसपार्क निर्माणलाई प्राथमिकतामा राख्दै दातृ निकायमार्फत आवश्यक बजेट सुनिश्चित गरेको छ । संरचना हटाउने काम अघि बढेसँगै स्थानीयवासीमा बसपार्क निर्माण हुने आशा समेत वृद्धि भएको छ।

बसपार्क निर्माणको मार्गमा रहेको अर्को प्रमुख चुनौती बसपार्कभित्र बसोबास गर्दै आएका भूमिहीन तथा सुकुम्बासी परिवारको व्यवस्थापन हो । बसपार्क क्षेत्रमा झण्डै ५०० परिवार वर्षौंदेखि बसोबास गर्दै आएका छन् ।

महानगरपालिकाले उनीहरूको व्यवस्थापनका लागि जग्गा व्यवस्थापन (खोजी) समिति गठन गरेको थियो । समितिले विभिन्न छ स्थानमा पुनःस्थापना गर्न सकिने सुझाव महानगरलाई दिएको छ ।

सोही सिफारिसका आधारमा महानगरले जेठ २५ गते जग्गा प्लट मिलान तथा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्न प्राविधिक समिति गठन गरेको छ । सात दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी पाएको उक्त समितिले सम्भावित स्थानको नापजाँच तथा व्यवस्थापन क्षमता अध्ययन गरिरहेको छ ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यका अनुसार वास्तविक भूमिहीन र सुकुम्बासी पहिचान गर्न छुट्टै छानबिन समिति पनि क्रियाशील छ ।

"सिफारिस भएका जग्गाको नापजाँच गरी कति परिवारलाई व्यवस्थित रूपमा बसोबास गराउन सकिन्छ भन्ने विषयमा अध्ययन भइरहेको छ", प्रमुख आचार्यले भन्नुभयो, "छानबिन प्रतिवेदनका आधारमा वास्तविक सुकुम्बासीको व्यवस्थापन गरिनेछ र बसपार्क क्षेत्रका अतिक्रमित संरचना हटाएर आधुनिक तथा सुविधासम्पन्न बसपार्क निर्माण गरिनेछ ।"

बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन तथा अव्यवस्थित बसोबासीले पनि आफू विकासको बाधक नबन्ने बताएका छन् ।

भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार संघर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरूङले वैकल्पिक व्यवस्थापन भए जुनसुकै बेला पनि स्थान खाली गर्न तयार रहेको बताउनुभयो ।

"हामीलाई उचित विकल्प दिएर व्यवस्थापन गर्नुपर्छ", उहाँले भन्नुभयो, "बसपार्कका लागि अधिग्रहण गरिएको २०५ रोपनी सम्पूर्ण जग्गामा नै बसपार्क निर्माण हुनुपर्छ । सुकुम्बासीलाई मात्र हटाउने तर शक्तिका आडमा बसपार्कको जग्गा ओगटेर बसेका अन्य व्यक्तिलाई यथावत् राख्ने काम स्वीकार्य हुँदैन ।"

पोखरा महानगरले संरचना हटाउने अभियानलाई तीव्रता दिएको र जग्गाधनी तथा व्यवसायीले सहयोग गर्न थालेपछि लामो समयदेखि अलपत्र रहेको पोखरा बसपार्कको सपना पूरा हुने विश्वास पोखरेलीको छ । रासस

# कृषि विकास कार्यालयका कार्यक्रमको अनुगमन

भञ्ज्याङ समाचारदाता/दमौली

कृषि विकास कार्यालय तनहुँद्वारा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिएका विभिन्न कृषि कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन तथा कार्यान्वयन अवस्थाबारे आँबुखैरेनी गाउँपालिकामा संयुक्त अनुगमन गरिएको छ ।

गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, कृषि विकास कार्यालय तनहुँका प्रमुख परशुराम




अधिकारीसहितको टोली, आँबुखैरेनी गाउँपालिकाका प्रतिनिधि, कृषि शाखाका कर्मचारीहरूको सहभागितामा बहुक्षेत्रगत सहभागितामूलक अनुगमन कार्यक्रम गरिएको हो ।

अनुगमनका क्रममा कृषि उद्यम विकास कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, जलवायुमैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम तथा निर्यातजन्य बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत सञ्चालन भएका गतिविधिहरूको स्थलगत निरीक्षण गरिएको कृषि विकास कार्यालय तनहुँका सूचना अधिकारी किरण परियारले जानकारी गराए ।

कार्यक्रम अन्तर्गत सञ्चालनमा रहेका परियोजनाहरूको प्रगति, उपलब्धि तथा किसानले प्राप्त गरेका लाभबारे जानकारी लिँदै सम्बन्धित कृषकहरूलाई आवश्यक प्राविधिक सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको उनले बताए ।

अनुगमनका क्रममा प्रदेशसभा सदस्य चुमानले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमार्फत किसानको आयस्तर वृद्धि गर्नुपर्नेमा जोड दिँदै कृषि मात्रै नभई समग्र क्षेत्रको सन्तुलित विकास आवश्यक रहेको बताए । उनले सरकारी कार्यक्रमको प्रभावकारी कार्यान्वयनले कृषकहरूलाई थप उत्साहित बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा सहभागी किसानहरूले सरकारी सहयोगबाट उत्पादन वृद्धि, प्रविधिको प्रयोग तथा व्यवसायिक खेतीतर्फ आकर्षण बढेको अनुभव सुनाएका थिए। संयुक्त अनुगमनले कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कनसँगै आगामी योजनाको प्रभावकारी कार्यान्वयनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# पर्यटन र सम्पदा

नेपालको इतिहास, संस्कृति र भुगोल एकअर्कासँग गाँसिएर यस्ता विरासतहरु निर्माण गर्छन् । जसले राष्ट्रको पहिचान मात्रै बनाउँदैन, भावी पुस्ताका लागि गौरवको स्रोत पनि प्रदान गर्छ। तर दुर्भाग्यवश, त्यस्ता थुप्रै स्थलहरु समय, राजनीति, र बेवास्ताको भारमा ओझेलमा परिरहेका छन्। तिनैमध्ये एक हो– पहाडकी रानी उपनामले परिचित तनहुँको बन्दीपुरमा अवस्थित मुकुन्देश्वरी डाँडा। जसको नामसँगै पाल्पाका प्रसिद्ध राजा मुकुन्दसेनको ऐतिहासिक, धार्मिक र सांस्कृतिक विरासत गाँसिएको छ । चारैतिर हरियाली, आकाशमा नीलो स्वच्छता र टाढा देखिने धौलागिरी–अन्नपूर्ण–बौद्ध हिमश्रृंखलाका दृश्यले यो डाँडालाई प्रकृतिको अनुपम उपहार बनाउँछ। तर यसको छायाँमा लुकेको छ । एक वीर शासकको गाथा, शक्तिपीठको किंवदन्ती र नेपाली इतिहासमा गरिइएको प्रारम्भिक संघीय शासन अभ्यासको स्मृति । पन्ध्रौं शताब्दीको उत्तरार्धमा जन्मिएका राजा मुकुन्दसेन केवल पाल्पाका शासक थिएनन्, उनी नेपाली भुगोलको तत्कालीन पुनःसंरचनामा ऐतिहासिक योगदान दिने व्यक्तित्व पनि थिए। संस्कृत, अस, अवधी र मगर भाषामा दखल राख्ने यो बहुभाषिक राजा एक धार्मिक, नीतिनिष्ठ र प्रबुद्ध प्रशासक थिए । गोपिनाथ शर्माको "चौबीसी राज्यको इतिहास" अनुसार, पाल्पा राज्य उत्तरमा मुक्तिनाथदेखि दक्षिणमा गङ्गासम्म, पूर्वमा जलपाइगुडीदेखि पश्चिममा कुमाउँसम्म फैलिएको थियो। त्यो बेलामा मुकुन्दसेनले आफ्ना सात छोराहरूलाई सातवटा भिन्न–भिन्न क्षेत्रहरूमा प्रशासक बनाएर प्रारम्भिक संघीय शासनको अभ्यास पनि गरे। यो नेपाली राजनीतिक चेतनाको प्रारम्भिक नमूनास्वरूप पनि लिन सकिन्छ । तर राजनीतिक शक्ति, वंशवाद र आन्तरिक कलह नेपाली इतिहासको स्थायी विडम्बनाजस्तै बनेको छ। मुकुन्दसेनको राज्य पनि यसबाट अछुतो रहन सकेन। आफ्नै छोराहरूबीचको सत्ता संघर्षले थाकेर, राजा मुकुन्दसेनले राज्य त्यागे। अन्ततः वि.सं. १६२२ मा देवघाटमा जलसमाधि लिएर शालिग्राम बनेको जनविश्वास आजसम्म जीवित छ ।

राजा मुकुन्दसेनसँग गाँसिएको यो मुकुन्देश्वरी डाँडा, कुनैबेला पाल्पा राज्यको शीतकालीन राजधानी थियो। यही ठाउँमा राजा मुकुन्दसेनले सैनिक परेड गराउँथे, शक्तिशाली तरवारहरु राखिएका थिए, शिवमन्दिर स्थापना गरिएको थियो । डाँडामै रहेको इनार, तत्कालीन दरबारका भग्नावशेष, सैनिक अभ्यासका टुंडिखेलहरु, पूजास्थलहरु, गुफा र तबेलाहरु आज झाडी र जङ्गलले ढाकेका छन्। एक महिलाको मुखबाट सुनिएको "राजा हुनुको घमण्डले अन्धा भएका छन्" भन्ने वाक्यले आत्मबोध पाएका राजा मुकुन्दसेन यही डाँडाबाट सधैंका लागि अन्तर्धान भए भन्ने किंवदन्तीले डाँडालाई एउटा आध्यात्मिक चेतनाको थलो पनि बनाएको छ। डाँडामा प्रकट भएको शक्तिस्वरूप मुकुन्देश्वरी देवी, आज पनि स्थानीय स्तरमा पूजाआजा गरिन्छ । तर त्यो शक्तिपीठ आज संरक्षणविहीन, प्रचारविहीन र ओझेलमा परेको ऐतिहासिक स्थल बनेको छ । मुकुन्देश्वरी डाँडा आज राष्ट्रिय स्तरमा कति चिनिएको छ? उत्तर हो– निकै थोरै चिनिएको छ। ऐतिहासिक महत्त्व बोकेको, सांस्कृतिक किंवदन्तीले भरिएको र पर्यटनको अपार सम्भावना बोकेको यस्तो स्थलप्रति स्थानीय सरकारको ध्यान नपुगेको देखिन्छ। त्यस्तै, प्रदेश र संघीय सरकारले पनि संरक्षणको विषयमा नीति त बनाएका छन्, तर कार्यान्वयन पक्ष कमजोर छ । गाउँपालिका, पाल्पा–तनहुँका सम्पदाविद्, स्थानीय पर्यटन व्यवसायी र नागरिक समाजको साझा प्रयास बिना यो स्थल अझै बिर्सिंदै जानेछ। खासगरी विद्यालय र विश्वविद्यालय तहमा यो थलोको अध्ययन र प्रचार–प्रसार हुनुपर्छ। यहाँको इतिहास पाठ्यक्रममा समावेश गरेर नयाँ पुस्तामा यो चेतना विकास गर्न सकिन्छ कि, इतिहास केवल दरबारका पर्खालमा सीमित छैन, त्यसको जरा स्थानीय डाँडाकाँडो र मान्यतामा पनि गढिएको छ।


बन्दीपुर आफैंमा एक महत्वपूर्ण पर्यटकीय गन्तव्य हो। मुकुन्देश्वरी डाँडा त्यसको पूरक बन्न सक्छ । जसले इतिहास, धर्म, संस्कृति र प्रकृतिको संगममा नयाँ गन्तव्य निर्माण गर्न सक्छ । यसका लागि डाँडाको पुरातात्त्विक सर्वेक्षण गरिनु, प्राकृतिक पदमार्ग निर्माण गरिनु, स्थानीय कथा र किंवदन्तीहरूलाई संग्रह गरेर संग्रहालय बनाइनु, नयाँ पुस्तालाई सहभागी गराउने सचेतना अभियान सञ्चालन गरिनु, गाईड प्रशिक्षण, बोर्ड संकेत र डिजिटल सामग्री विकास गरिनुपर्ने देखिन्छ। यी काम गर्दा मात्र मुकुन्देश्वरी डाँडा नयाँ पुस्ताको लागि गुम्न लागेको सम्पदा होइन, पुनःजीवित प्रेरणाको केन्द्र बन्न सक्छ। नेपालको इतिहास राज्यहरूकै युद्धले बनेको हो भन्ने एकपक्षीय दृष्टिकोणलाई तोड्न जरूरी छ । मुकुन्देश्वरी डाँडा जस्ता स्थलहरु इतिहासको विविधता, आध्यात्मिकता र मानवीय संवेदनाको गाथा बोल्छन् । हाम्रा सन्तानले इतिहास पढून्, हेरून् र महसुस गरून् भन्ने हो भने, हामीले मुकुन्देश्वरीजस्ता स्थलहरूलाई केवल किंवदन्ती होइन, संरक्षित धरोहर बनाउनु आवश्यक छ। यो न त केवल तनहुँको जिम्मेवारी हो, न त पाल्पाको मात्रै यो सम्पूर्ण नेपाली समाजको साझा दायित्व हो ।

# पर्यटन सबैको अधिकार, व्यवस्थापन हाम्रो जिम्मेवारी

पछिल्लो समय केही भारतीय धार्मिक पर्यटकले सडक छेउमा खाना पकाउने, नदीताल किनारमा लुगा धुने वा कतिपय स्थानमा अव्यवस्थित बसोबास गरेको विषयमा चर्चा र आलोचना भइरहेका छन्।

केही अवस्थामा यस्ता गतिविधिले गन्तव्यको सौन्दर्य, वातावरण र स्थानीय जनजीवनमा असर पार्न सक्छन् । तर, यसलाई कुनै पनि देश, समुदाय वा वर्गका पर्यटकको आलोचनाको विषय बनाइनु हुँदैन। यहाँ पर्यटक समस्या होइनन्, अव्यवस्थित पर्यटन समस्या हो । कम बजेटमा यात्रा गर्ने, धार्मिक आस्थाले प्रेरित भएर आउने वा सामान्य सुविधामा यात्रा गर्ने यात्रुहरूलाई पनि यात्रा गर्ने अधिकार छ ।

कुनै पनि देशमा आउने यात्रुहरूलाई उनीहरूको आर्थिक हैसियत, राष्ट्रियता, धर्म, भाषा वा यात्रा गर्ने शैलीका आधारमा वर्गीकृत गरेर हेर्नु र हेप्नु पर्यटनको मूल मर्म होइन ।




अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेका तस्वीरका आधारमा (केही कृत्रिम बौद्धिकता अर्थात् एआई निर्मित तस्वीरहरु) विभिन्न प्रश्न उठिरहेका छन्, जसले गन्तव्य र पर्यटकबीच द्वन्द्व सिर्जना गर्ने र स्रोत बजारमा नेपालबारे गलत भ्रम सिर्जना हुने जोखिम छ । तर, वास्तविक प्रश्न हाम्रो पर्यटन व्यवस्थापन प्रणालीको तयारी र क्षमतामाथि उठ्नुपर्ने छ ।

विश्वभरि धार्मिक पर्यटन तीव्र रूपमा विस्तार भइरहेको छ । सन् २०२५ को तथ्यांक अनुसार कुल पर्यटक आगमन ११ लाख ५८ हजार ४ सय ५९ मध्ये १४.४ प्रतिशत धार्मिक पर्यटक आगमन देखिन्छ। उनीहरूले नेपालका पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ, लुम्बिनी, मनकामना, हलेसी तथा अन्य विभिन्न धार्मिक गन्तव्य भ्रमण गरेका छन्। त्यसमा पनि भारतीय पर्यटक उल्लेख्य छ । धार्मिक पर्यटन सफलतासँग पूर्वाधार, सरसफाइ, आवास, सार्वजनिक शौचालय, फोहोर व्यवस्थापन तथा आगन्तुक व्यवस्थापन प्रणाली प्रत्यक्ष जोडिएका हुन्छन्।

भारत तथा नेपालका धेरै धार्मिक गन्तव्यमा कम बजेटका तीर्थयात्रीको ठूलो उपस्थिति देखिन्छ। उनीहरूको यात्रा शैली सामान्य पर्यटकभन्दा फरक हुन सक्छ । कतिपयले आफैं खाना पकाउँछन्, समूहमा यात्रा गर्छन् र न्यूनतम खर्चमा तीर्थयात्रा पूरा गर्न चाहन्छन् । यो उनीहरूको सांस्कृतिक अभ्यास र धार्मिक आस्थासँग सम्बन्धित विषय पनि हो ।

त्यसैले उनीहरूको उपस्थितिलाई समस्या मान्नुभन्दा पनि त्यस्ता यात्रुका लागि व्यवस्थित विश्रामस्थल, सामूहिक भान्सा, पार्किङ क्षेत्र, सरसफाइ सुविधा र फोहोर व्यवस्थापन प्रणाली निर्माण गर्नु राज्य, स्थानीय तह र पर्यटन क्षेत्रको जिम्मेवारी हो । सर्वप्रथम यसका लागि आवाज उठाऔं, व्यवस्थापन गरौं ।

विशेषगरी नेपालका लागि भारत सबैभन्दा महत्त्वपूर्ण पर्यटन बजारमध्ये एक हो। सन् २०२५ मा हवाईमार्ग मार्फत नेपाल आगमन भएका पर्यटकको २५.२४ प्रतिशत भारतीय पर्यटक छन् । त्यसैगरी २०२६ जनवरीदेखि मेसम्म पाँच महिनाको तथ्याङ्क हेर्दा पनि कुल ५ लाख २९ हजार ९० मध्ये १ लाख ३७ हजार ७५ भारतीय पर्यटक छन् ।

यसबाहेक विश्वमै उदाहरणीय बनेको नेपाल–भारत खुला सीमानाको सुविधा प्रयोग गर्दै ठूलो संख्यामा सडक मार्गमार्फत पनि भारतीय पर्यटकको आगमन उल्लेख्य पाइन्छ । भारतबाट आउने धेरै पर्यटक धार्मिक यात्राका लागिमात्र होइन, किनमेल, होटल, यातायात, खानपान र अन्य क्षेत्रमा पनि महत्त्वपूर्ण खर्च गर्ने यात्रु हुन् ।

त्यसैले केही घटनालाई सामान्यीकरण गरेर प्रस्तुत गर्दा त्यसले भारतका सम्भावित यात्रुहरूमा नेपाल सुरक्षित र स्वागतयोग्य गन्तव्य नभएको सन्देश प्रवाह हुँदा नेपालको पर्यटन क्षेत्रले बेहोर्ने क्षति ठूलो हुन सक्छ ।

तीर्थयात्रीको संख्या बढेसँगै भारत लगायत मुलुकका धार्मिक केन्द्रहरूमा पूर्वाधार विस्तार, भीड व्यवस्थापन, सरसफाइ र सार्वजनिक सेवामा ठूलो लगानी गरिएको छ । त्यस्तै अत्यधिक पर्यटक चापले वातावरणीय असर पार्न थालेपछि धेरै गन्तव्यले व्यवस्थापन सुधारलाई प्राथमिकता दिएका छन् ।

पर्यटन खुला समाजको प्रतीक हो । यहाँ धनी र गरिब, विदेशी र स्वदेशी, साहसिक पर्यटक र तीर्थयात्री सबैको समान स्थान हुन्छ। नेपालको चुनौती पर्यटक छान्ने होइन, सबै प्रकारका पर्यटकलाई व्यवस्थित गर्ने हो । पर्यटन सबैको अधिकार हो, तर त्यसलाई सभ्य, स्वच्छ, सुरक्षित र दिगो बनाउने जिम्मेवारी हामी सबैको हो ।

नेपालले पनि पर्यटक भ्रमणलाई कसरी व्यवस्थित, सुरक्षित र सम्मानजनक अनुभव प्रदान गर्ने भन्ने दिशामा ध्यान केन्द्रित गर्नुपर्छ । यदि कुनै पर्यटक सडक किनारमा खाना पकाउन बाध्य छन् भने त्यसको अर्थ त्यहाँ आवश्यक सुविधा पुगेका छैनन् कि भन्ने पनि हो । यदि नदी किनारमा कपडा धुने अवस्था छ भने त्यसले सार्वजनिक पूर्वाधार अभावलाई संकेत गर्छ कि ? दोष व्यक्तिमा मात्र खोजेर समस्या समाधान हुँदैन, समाधान व्यवस्थापन, योजना र पूर्वाधार विकासका माध्यमबाट गरिनुपर्छ ।

त्यसमा पनि धार्मिक यात्राको एउटा विशेष पक्ष के हो भने धेरै तीर्थयात्री सहजता र विलासिताभन्दा आस्था र अनुभवलाई प्राथमिकता दिन्छन् । कठिन यात्रालाई पनि आफ्नो आस्थाको प्रतीकका रूपमा वर्णन गर्ने प्रचलन नभएको पनि होइन । त्यसैले उनीहरूको जीवनशैली र यात्राको प्रकृति बुझ्दै आवश्यक व्यवस्थापन गर्नु नै दीर्घकालीन समाधान हो ।

**यसका लागि प्रमुख धार्मिक गन्तव्यमा यस्ता केही व्यावहारिक कदम चाल्न लिन सकिन्छ :**

**धर्मशाला र आधारभूत सुविधा सहित विश्राम केन्द्र निर्माण गर्ने**

स्थानीय तह, मन्दिर व्यवस्थापन समिति र निजी क्षेत्रले सस्तो बसाइ, शौचालय, खानेपानी, फोहोर व्यवस्थापन र खाना पकाउने निश्चित स्थानसहित सुविधा विस्तार र विकास गर्न सक्छन् । त्यस्तै पार्किङ, विश्राम र खाना पकाउने क्षेत्र तोक्नुपर्छ । सडक, नदी किनार वा सार्वजनिक स्थानमा हुने अव्यवस्थित गतिविधि रोक्न यात्रुका लागि निश्चित स्थान तयार गर्न र तोकिएको ठाउँमा मात्र बसाउने गर्न सकिन्छ ।

**प्रवेश नाकामै आचारसंहिता उपलब्ध गराउने**

नेपाल प्रवेश गर्दा अंग्रेजी र हिन्दी भाषामा यात्री आचारसंहिता दिने, जसमा वातावरण संरक्षण, सार्वजनिक स्थानको सम्मान, सरसफाइ र स्थानीय संस्कृतिको

*बाँकी तेश्रो पेजमा*

## तपाईंको आज

**मेष**
आज आत्मविश्वास बढ्नेछ। नयाँ कार्यमा हात हाल्ने समय अनुकूल छ। प्रेम सम्बन्ध प्रगाढ बन्न सक्छ।

**वृष**
आर्थिक पक्ष सामान्य रहनेछ। परिवारमा साना विवाद आउन सक्छ, संयम अपनाउनुहोस्।

**मिथुन**
आजको दिन यात्रा वा अध्ययनका लागि लाभदायी छ। आत्मबल र उत्साह बढ्नेछ।

**कर्कट**
आफ्नो निर्णयमा अन्यको प्रभाव नपार्नुहोस्। आर्थिक लेनदेनमा ध्यान दिनुहोस्। पारिवारिक जिम्मेवारी बढ्नेछ।

**सिंह**
नयाँ कार्य योजना बन्नेछ। सामाजिक मान–सम्मान बढ्नेछ। व्यापार–व्यवसायमा लाभ हुने संकेत छन्।

**कन्य**
काममा ढिलाइ भए पनि परिणाम सकारात्मक हुनेछ। मानसिक शान्तिको लागि ध्यान वा यात्रा उपयुक्त हुनेछ।

**तुला**
प्रेम सम्बन्धमा विश्वास आवश्यक छ। साझेदारीमा लाभ हुने सम्भावना छ। आर्थिक स्थिति सन्तोषजनक रहन्छ।

**वृश्चिक**
आज गोप्य कुरा चुहिने सम्भावना छ, सावधानी अपनाउनुहोस्। स्वास्थ्यमा समस्या आउन सक्छ ।

**धनु**
सामाजिक र पारिवारिक कार्यमा व्यस्तता बढ्नेछ। आत्मीय सहयोग प्राप्त हुनेछ। कार्यक्षेत्रमा प्रशंसा पाइने समय हो।

**मकर**
आज मिहिनेतअनुसार फल प्राप्त हुनेछ। पुरानो समस्या समाधानतर्फ अग्रसर हुनेछ। धन खर्च हुने सम्भावना छ।

**कुम्भ**
नयाँ सोच र सृजनात्मक कार्यमा सफलता मिल्नेछ। साथीसँग मेलमिलाप हुनेछ। कार्यक्षेत्रमा प्रगति सम्भावना।

**मीन**
भावनात्मक निर्णयमा सावधानी अपनाउनुहोस्। पारिवारिक विषयमा समय खर्चिनु पर्नेछ।

# पितृघाट (पत्थरघाट) : धार्मिक, ऐतिहासिक र भाषिक महत्व

♦ देव वस्न्यात

तनहुँ जिल्लाको व्यास नगरपालिका–६ अन्तर्गत पर्ने पितृघाट, हाल प्रचलित नाम "पत्थरघाट", धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण तीर्थस्थल मानिन्छ । लमादी खोला र मादी नदीको संगमस्थलमा अवस्थित यस घाटमा विशेषगरी पुरूषोत्तम महिना, सोमवारे औँसी, कुशे औँसी तथा पितृसम्बन्धी पर्वहरूमा स्नान, तर्पण र श्राद्ध गर्ने परम्परा रहिआएको छ ।



धार्मिक मान्यताअनुसार पुरुषोत्तम महिनाको अन्तिम दिन तथा सोमवारे औँसीका अवसरमा यहाँ स्नान गरी पितृहरूको नाममा तर्पण र तीर्थश्राद्ध गरेमा व्यक्तिका पाप नाश हुने र सात पुस्तासम्मका पितृहरूले मोक्ष प्राप्त गरी शिवधाम पुग्ने विश्वास रहेको छ । यही आस्थाका कारण यहाँ वर्षेनी विभिन्न स्थानबाट श्रद्धालुहरु आउने गर्दछन्।

पत्थरघाटको वारीपारी श्याम्घाली र पात्थ्रा निवासी न्यौपानेहरूको कुल देवता मन्दिर रहेको छ । यहाँ बोटेहरूको बाजे बजे पूजास्थल, कुलायन पूजास्थल र गङ्गा दशहरामा मादी नदीको पूजाआजा गर्दछन् ।

**संगमस्थलको विशेषता**

पितृघाट व्यास-६ सपनकोट क्षेत्रबाट बग्ने लमादी खोला र अन्नपूर्ण हिमश्रृंखलाअन्तर्गत पर्ने पेरी (पितृ) हिमालबाट उद्‌गम भएको मादी नदीको संगमस्थलमा अवस्थित छ। मादी नदी शिशाघाट उपत्यका हुँदै दमौली पुगेर अन्ततः सेती नदीमा मिसिने गर्दछ। शिशाघाट उपत्यकाभित्र पितृघाट र शेषघाट जस्ता धार्मिक महत्वका घाटहरु रहेका छन्।

स्थानीय जनविश्वास अनुसार महाभारतमा वर्णित द्वैतवनको अवशेष पनि यस क्षेत्रको वरिपरि रहेको मान्यता पाइन्छ, जसले यस क्षेत्रको पौराणिक महत्वलाई थप बल प्रदान गरेको छ।

**नामको उत्पत्ति**

स्थानीय इतिहास र भाषिक अध्ययनका आधारमा हालको "पत्थरघाट" नाम मूलतः "पितृघाट" बाट अपभ्रंश भएको हुन सक्ने विश्वास गरिन्छ । समयक्रममा पितृघाट शब्द पित्तरघाट, पत्तरघाट हुँदै पत्थरघाटमा रूपान्तरित भएको हुन सक्ने स्थानीय बौद्धिक वर्गको तर्क छ। नेपाली तथा किराँत भाषाहरूमा उच्चारणका क्रममा वर्णहरूको परिवर्तन



हुने भाषिक विशेषता पाइन्छ। यही प्रक्रियाले पितृघाट शब्दको स्वरूप परिवर्तन हुँदै आजको पत्थरघाट बनेको हुन सक्ने अनुमान गरिन्छ।

अर्कोतर्फ, व्यास-६ स्थित लमादी खोला र मादी नदीको दोभानमा रहेको ठूलो ढुङ्गासँग पनि यस नामलाई जोडेर हेर्ने गरिन्छ। स्थानीय दरै र बोटे समुदायको मातृभाषामा ढुङ्गालाई "पाथर" भन्ने गरिन्छ। यही "पाथर" शब्दबाट "पाथरघाट" र पछि "पत्थरघाट" नाम विकसित भएको हुन सक्ने अर्को मत पनि प्रचलित छ ।

**संरक्षणको आवश्यकता**

धार्मिक आस्था, पौराणिक महत्व र स्थानीय इतिहास बोकेको पितृघाट क्षेत्र उचित संरक्षण र प्रवर्द्धनको अभावमा ओझेलमा पर्दै गएको छ। धार्मिक पर्यटनको सम्भावना बोकेको यस स्थलको ऐतिहासिक अध्ययन, पूर्वाधार विकास तथा प्रचारप्रसार गर्न सके तनहुँको महत्वपूर्ण धार्मिक गन्तव्यका रूपमा स्थापित हुन सक्ने देखिन्छ।

पितृहरूको उद्धार हुने पावन भूमि र प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस संगमस्थलले तनहुँको धार्मिक तथा सांस्कृतिक पहिचानलाई अझ समृद्ध बनाएको छ ।

# पर्यटन सबैको अधिकार, ......

सम्मानजस्ता विषय समेट्न सकिन्छ (तल सुझाए जस्तै) र लक्षित वर्गमा यसको प्रचार गर्ने ।

**शाकाहारी भोजनको राम्रो विकल्प विकास गर्ने**

धार्मिक पर्यटकको ठूलो हिस्सा शाकाहारी भोजन रूचाउने भएकाले नेपाली उद्यमीहरूले विशेषगरी तीर्थ तथा पर्यटकीय क्षेत्रहरूमा स्वच्छ, गुणस्तरीय र सस्तो शुद्ध शाकाहारी रेस्टुरेन्ट विस्तार गर्न सक्छन् । यसले यात्रुलाई सुविधा दिनुका साथै नयाँ व्यावसायिक अवसर पनि सिर्जना गर्छ ।

**स्थानीय समुदायलाई सहजीकरणमा जोड्ने**

नेपाल अतिथि सत्कारको उत्कृष्ट गन्तव्य हो। समस्या देखिए आलोचना वा असहज बनाउनेभन्दा सूचना दिने, सहयोग गर्ने र सही दिशामा लैजाने संस्कार विकास गर्नुपर्छ । पर्यटनमा आतिथ्य प्रदान गर्ने मुलुक वा गन्तव्य व्यवस्थापक जिम्मेवार बन्नुको विकल्प छैन भने पर्यटकहरु पनि फोहोर नगर्ने, सार्वजनिक स्थानको सम्मान गर्ने र स्थानीय नियम पालना गर्ने कुरामा उत्तिकै जिम्मेवार हुन जरूरी छ । गन्तव्यको जिम्मेवारी भनेको विभिन्न प्रकारका यात्रुको आवश्यकता बुझेर पूर्वाधार तयार गर्नु पनि हो । हामीले आलोचना भन्दा समाधान खोज्नुपर्छ । किनकि, पर्यटन केवल आगन्तुकको व्यवहारले होइन, स्वागत गर्ने गन्तव्यको तयारी र दृष्टिकोणले पनि परिभाषित हुन्छ ।

सतहमार्ग (सडकमार्ग)बाट आउने भारतीय पर्यटक तथा तीर्थयात्रीका लागि निम्नानुसारको आचारसंहिता अंग्रेजी र हिन्दी भाषामा बनाएर सीमा प्रवेशको अनुमति लिने समयमा उपलब्ध गराउने व्यवस्था गर्दा यस्ता समस्या धेरै हदसम्म समाधान हुन सक्छन्:

**'नेपालमा तपाईंको यात्रा सुरक्षित, स्वच्छ र स्मरणीय बनाऔं'**

**१. नेपालका पर्यटकीय गन्तव्य स्वच्छ र सफा राख्न सहयोग गर्नुहोस्**

फोहोर तथा प्लास्टिकजन्य सामग्री तोकिएको स्थानमा मात्र फाल्नुहोस् । सार्वजनिक स्थलको सरसफाइमा योगदान गर्नुहोस् ।

**२. धार्मिक तथा सार्वजनिक स्थलहरूको मर्यादा कायम राख्नुहोस्**

बाटोका वा बास बस्ने स्थानका खुला स्थानमा नुहाउने, कपडा धुने, खाना पकाउने वा भाँडा माझ्ने कार्य नगर्नुहोस्। यस्ता कार्यका लागि तोकिएका स्थानहरु प्रयोग गर्नुहोस्।

**३. सुरक्षित यात्रा गर्नुहोस्**

ट्राफिक नियमहरूको पालना गर्नुहोस् । सवारीसाधन तोकिएको पार्किङ स्थल वा अनुमति प्राप्त स्थानमा मात्र पार्क गर्नुहोस् । ३ हजार मिटरभन्दा माथिको उचाइमा जाँदा थप सतर्कता अपनाउनुहोस्। उच्च हिमाली क्षेत्रमा 'हाई अल्टिच्युड सिकनेस' (लेक लाग्ने समस्या) हुन सक्छ । एकैदिन उच्च स्थानमा नपुग्नुहोस्, यात्रामा विश्राम पनि आवश्यक हुन्छ ।

**४. आपतकालीन अवस्थामा सहयोग लिनुहोस्**

कुनै समस्या वा आपतकाल परे पर्यटक प्रहरी वा स्थानीय प्रशासनसँग सम्पर्क गर्नुहोस् ।

**५. स्थानीय उत्पादन र सेवा प्रयोग गर्नुहोस्**

स्थानीय खाना, संस्कृति, हस्तकला र सेवाहरूको अनुभव लिनुहोस्। यसले स्थानीय अर्थतन्त्रलाई सहयोग पुऱ्याउँछ ।

**६. नेपालका अन्य गन्तव्य पनि अनुभव गर्नुहोस्**

तीर्थस्थल र प्रमुख स्थानसँगै नजिकका प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक गन्तव्य भ्रमण गरी नेपालको विविधता महसुस गर्नुहोस्।

**७. वातावरण, स्थानीय संस्कृति र परम्परा सम्मान गर्नुहोस्**

नेपालको विविध संस्कृति, धार्मिक आस्था र सामाजिक मूल्यमान्यता सम्मान गर्नुहोस् । वातावरण संरक्षणमा तपाईंको योगदान बढाउनुहोस्। नेपाल तपाईंलाई हार्दिक स्वागत गर्दछ। तपाईंको यात्रा सुरक्षित, सुखद र अविष्मरणीय रहोस् । यस्तो व्यवस्थापनबाट हाम्रो पर्यटन थप राम्रो बनाउन सकिन्छ। भारतबाट आउने हरेक यात्रु केवल पर्यटक होइनन्, उनीहरु नेपालको संस्कृति, अर्थतन्त्र र जनस्तरसँग जोडिने सम्बन्धका दूत पनि हुन् । सकारात्मक पहल सहितको सक्रियताले पर्यटन दीर्घकालमा पनि थप परिणाममुखी हुनेछ ।

अनलाइनखबरबाट

(लेखक जोशी नेपाल पर्यटन बोर्डका निवर्तमान सीईओ हुन् ।)


## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२






**व्यास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

दमौली तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

२०८३ असार ०१ सोमबार
June 15, 2026



**बासको चोयाबाट डोको बुन्दै :** लमजुङको मध्यनेपाल नगरपालिका-६ स्थित सिम्पानी टोल निवासी पूर्णप्रसाद सुवेदी बासको चोयाबाट डोको बुन्दै । पछिल्लो समय डोको बुन्ने सीप हस्तान्तरण तथा प्रयोग लोपहुँदै गएको छ । *तस्बिर : देवेन्द्र गुरुङ/रासस*

# विद्यालयमा प्राथमिक उपचार तालिम

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका-५ पाटनस्थित श्री पराशर माध्यमिक विद्यालयमा एकदिने विद्यालयस्तरीय प्राथमिक उपचार तालिम सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटी तनहुँ जिल्ला शाखाको आयोजना तथा विद्यालयको युवा रेडक्रस सर्कलको आतिथ्यतामा सम्पन्न तालिममा जिल्लाका ११ विद्यालयका ३१ जना जुनियर तथा युवा रेडक्रसका विद्यार्थी सहभागी भएका थिए ।

नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य तथा तनहुँ जिल्ला शाखाका सभापति प्रा.डा. कृष्णप्रसाद गौतमले तालिमको शुभारम्भका अवसरमा रेडक्रसका सात सिद्धान्तको महत्वबारे प्रकाश पार्दै मानव सेवाको भावनालाई विस्तार गर्न रेडक्रसले विभिन्न तहमा कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनले प्राथमिक उपचारसम्बन्धी ज्ञान र सीपले विद्यार्थीहरूलाई आकस्मिक स्वास्थ्य समस्याको अवस्थामा प्रभावकारी रूपमा सहयोग गर्न सक्षम बनाउने विश्वास व्यक्त गरे ।



कार्यक्रममा व्यास नगरपालिका-५ का वडा अध्यक्ष विष्णुकुमार श्रेष्ठले यस्ता तालिमले विद्यार्थीहरूलाई विद्यालय तथा समुदायमा हुने सामान्य दुर्घटना र स्वास्थ्य समस्याको अवस्थामा प्राथमिक उपचार गर्न सक्षम बनाउने बताए ।

गण्डकी प्रदेश महासचिव तथा प्रशिक्षक रामदत्त पौडेलका अनुसार तालिममा घाइतेको प्रारम्भिक अवस्था मूल्याङ्कन, गला लाग्ने समस्या, रक्तस्राव नियन्त्रण, टोकाइ, पोलाइ, घाउचोटको उपचार तथा विभिन्न प्रकारका पट्टी बाँध्ने विधिबारे सैद्धान्तिक र व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो। तालिममा प्रदेश उपमहासचिव तथा प्रशिक्षक कृष्णचन्द्र पाण्डेले सहजीकरण गरेका थिए ।

युवा रेडक्रस सर्कलकी अध्यक्ष स्म्रा थापाको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी तनहुँ शाखाका मन्त्री सूर्यचन्द्र हड्खले, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हिरा थापा, बालमन्दिर माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्रप्रसाद खनाल, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा पूर्व अध्यक्ष कृष्णनारायण श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक पीताम्बर सिग्देल, शिक्षक नायक दीपक न्यौपाने लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

तालिममा सहभागी ३१ जना विद्यार्थीलाई प्रमाणपत्र वितरण गरिएको थियो। सहभागीका तर्फबाट नेपाल रेडक्रस सोसाइटी तनहुँका जिल्ला सदस्य कमला काफ्ले, निर्मल माध्यमिक विद्यालयकी छात्रा तथा सर्वज्योति माध्यमिक विद्यालयका शिक्षक नायक गीता पौडेल ओफ्राले तालिमबाट प्राप्त अनुभव र सिकाइबारे धारणा व्यक्त गरेका थिए ।

# हस्तलेखन तथा निबन्ध लेखन प्रतियोगिता

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

तनहुँको बन्दीपुरमा अन्तरविद्यालय स्तरीय हस्तलेखन तथा निबन्ध लेखन प्रतियोगिता सम्पन्न भएको छ । विद्यार्थीहरुको आन्तरिक प्रतिभा प्रस्फुटन गराउने तथा लेखन सीप र बौद्धिक क्षमताको विकास गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

प्रतियोगिताअन्तर्गत हस्तलेखन र निबन्ध लेखन विधामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई नगद पुरस्कार, प्रमाणपत्र र खादा प्रदान गरी सम्मान गरिएको आयोजकले जनाएको छ । दुवै विधातर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीहरूलाई क्रमशः पाँच हजार, चार हजार, तीन हजार र एक हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो ।



हस्तलेखन प्रतियोगितामा भानु माध्यमिक विद्यालयकी रितिका गुरूङ प्रथम, पवित्र माध्यमिक विद्यालयकी प्रियंशा गुरूङ द्वितीय, विष्णु माध्यमिक विद्यालयका विहान भण्डारी तृतीय तथा पद्मा आधारभूत विद्यालयकी प्रमिशा घर्ती सान्त्वना हुन सफल भएका छन् ।

त्यसैगरी, निबन्ध लेखन प्रतियोगितामा सेती गङ्गा आधारभूत विद्यालयकी सोफिया गुरूङ प्रथम, पवित्र माध्यमिक विद्यालयकी दृष्टि थापा द्वितीय, कालिका माध्यमिक विद्यालयका समीर थापा मगर तृतीय तथा जगदीश्वर आधारभूत विद्यालयकी खुशी भुजेल सान्त्वना घोषित भएका छन् ।

पुरस्कार वितरण तथा समापन समारोहमा स्थानीय शिक्षा शाखा प्रमुख, बन्दीपुर गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्ने अतिथिहरूले यस्ता अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको सृजनशीलता, अभिव्यक्ति क्षमता र व्यक्तित्व विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउँदै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।

## facebook twitter



**Sanjeev**
x.com/sanpokh

**कानुनको शासन समाप्त भएको हो ?**
सेनाका जवान र सरकारी कर्मचारी मिलेर एउटा टेम्पु भिरबाट खसालेको दृष्य ट्विटरमा जताततै देखियो ।
यसमा प्रधानमन्त्री वा सरकारलाई सोझै दोष दिन मिल्दैन । बालेन शाह वा वनमन्त्रीले तल्लो निकायमा आदेश दिएर यस्तो काम गर्न अऱ्हाएका पक्कै होइनन् ।
तर, बालेन शाहले 'देश बनाउने' आफ्नो योजना जसरी बुझेका छन् र कार्यान्वयनमा ल्याएका छन् त्यसको विस्तार र निरन्तरता नै हो त्यो घटना । गरीब र श्रमीक वर्गलाई धपाएर, दबाएर, तर्साएर गाउँशहर सुरक्षित र सुन्दर बनाउने !
शासन सत्ता हाक्ने मानिसहरूले जस्तो प्रवृत्तिलाई प्रश्रय दिन्छन् त्यही प्रवृत्ति तल्लो तहसम्म जानीनजानी मानिसको चिन्तन-व्यवहारमा समाहित हुन्छ ।
टेम्पु खसाल्ने जो कोही भए पनि सजायको भागी छ र सरकारले पनि गरीब र श्रमजीविको सम्मान गर्छौ र गर्नुपर्छ भन्ने सन्देश प्रवाह गरोस् ।
होइन भने यो देश गरीबहरूका लागि होइन भनेर सरकारले प्रस्ट पारोस् !



**Tara Nath Dahal**
x.com/tndahal7

सांसदहरूलाइ नियमित तालिम चाहिन्छ। चुनाव जित्दैमा कोही सर्वज्ञानी हुँदैन। चुनाव जितेपछि १५ दिन प्रारम्भिक संसदीय तालिम लिनपर्ने प्रचलन पनि छ कतै। संसदीय प्रकृया, चालचलन, आचरण, बिभिन्न बैठकका बिधि, डेलिवरेशन (प्रस्तुती)का भाषा, शैलीदेखि बजेट तर्जुमा र पारित अनि बिधायकी दायित्व निकै गहन छन ।

# भानुभक्तमा बीएससी सीएसआईटी विषय सञ्चालन सम्भाव्यता अध्ययन

**भञ्ज्याङ समाचारदाता**/दमौली

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान (IoST), डिनको कार्यालय, कीर्तिपुरबाट आएको तीन सदस्यीय सम्भाव्यता अध्ययन टोलीले आदिकवि भानुभक्त क्याम्पसमा स्नातक तहको Bachelor of Science in Computer Science and Information Technology (BSc CSIT) विषय सञ्चालनका लागि अध्ययन सम्पन्न गरेको छ।



सहायक डिन डा. कोमलराज रिजालको संयोजकत्वमा उपप्राध्यापक बालकृष्ण सुवेदी र उप-प्रशासक केशव शर्मा सदस्य रहेको टोलीले आइतबार बिहान क्याम्पसको भौतिक, शैक्षिक तथा प्राविधिक पूर्वाधारको निरीक्षण तथा मूल्यांकन गरेको हो।

क्याम्पसले त्रिभुवन विश्वविद्यालयअन्तर्गत विज्ञान तथा प्रविधि अध्ययन संस्थानमार्फत स्नातक तहमा कम्प्युटर विज्ञान तथा सूचना प्रविधि (BSc CSIT) विषय थप गर्ने उद्देश्यले आवेदन पेश गरेको थियो। सोही प्रस्तावका आधारमा अध्ययन टोलीले क्याम्पसको सम्भाव्यता मूल्यांकन गरेको हो।

अध्ययनका क्रममा टोलीले कम्प्युटर अभ्यास प्रयोगशाला, अनुसन्धान प्रयोगशाला, माइक्रोप्रोसेसर, हार्डवेयर, नेटवर्किङ तथा डिजिटल लजिक प्रयोगशालालगायतका शैक्षिक पूर्वाधारहरूको निरीक्षण गरेको थियो।

त्यसैगरी प्रशासन, लेखा, परीक्षा शाखा, क्याम्पस प्रमुख तथा विभागीय प्रमुखका कार्यकक्ष, पुस्तकालय, सेमिनार हल, खेलमैदान, छात्रावास, स्वास्थ्य तथा परामर्श कक्ष, उद्यान, कक्षा कोठा, चमेना गृह तथा अन्य भौतिक संरचनाहरूको समेत अवलोकन गरिएको थियो।

अन्तरक्रिया कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनारले टोलीलाई स्वागत गर्नुभएको थियो। अध्ययन टोलीका संयोजक सहायक डिन डा. कोमलराज रिजालले भ्रमणको उद्देश्यबारे प्रकाश पार्दै आवश्यक पूर्वाधार तथा शैक्षिक वातावरणको मूल्यांकन गरिएको जानकारी दिनुभयो।

क्याम्पस प्रमुखले क्याम्पसको भौतिक, शैक्षिक तथा आर्थिक अवस्थाबारे विस्तृत जानकारी गराएका थिए। कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरु, क्याम्पस प्रशासन, प्राध्यापक तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४